# बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा संचालित कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम - लिफ

## १) नेपाल लिफ कार्यक्रमको परिचय

उष्णप्रदेशीय वनको संरक्षणमार्फत वन विनाशबाट हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न तथा ठूलो मात्रामा वित्तीय स्रोत परिचालन गर्न सन् २०२१ मा अन्तर्राष्ट्रियस्तरको सार्वजनिक-निजी साझेदारी संयन्त्र लिफ (Lowering Emission from Accelerated Forest Finance - LEAF Coalition) स्थापना गरिएको हो । यस संयन्त्रले उच्च निष्ठा र सदाचारयुक्त कार्बन क्रेडिट कारोबारका लागि वन संरक्षण गर्ने राष्ट्र, निजी क्षेत्र र दातृ राष्ट्रहरुलाई एकै ठाउँमा ल्याउन सहजीकरण गर्दछ ।


## २) नेपालमा लिफ कार्यक्रम

नेपाल सरकारले लिफ साझेदारी कार्यक्रममा संलग्न हुन सन् २०२१ अक्टोबर २४ मा यस कार्यक्रमको सहजीकरण गर्ने गैर–नाफामूलक संस्था इमरजेन्टसँग आशयपत्र (Letter of Intent – LOI) मा हस्ताक्षर गरेको थियो। तत्पश्चात नेपाल सरकार र इमर्जेंट बीच यस अधिका प्रगति अंगिकार गरी छिट्टै उत्सर्जन न्यूनिकरण खरिद सम्झौता गर्ने गरी सन् २०२२ नोभेम्बर ९ मा साझेदारी पत्र (Memorandum of Agreement - MOA) मा हस्ताक्षर भएको थियो ।

लिफ मार्फत सन् २०२२ देखि २०२६ सम्ममा वन संरक्षणबाट हुने उत्सर्जन कटौतीको कारोबार गर्ने गरी लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम नेपालको बागमती, गण्डकी र लुम्बिनी प्रदेशका ३६ वटा जिल्लामा लागू भएको छ । यी जिल्लाहरुमा कार्यक्रमबाट प्रभाव पर्न सक्ने वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदायलाई अधिकारवालाका रूपमा पहिचान गरिएको छ । उनीहरूको अधिकारको रक्षा, परम्परागत तथा प्रथाजनित अभ्यासहरुको संरक्षण र जीविकोपार्जनमा नकारात्मक असर नपर्ने गरी उनीहरुको सक्रिय सहभागिताका साथ कार्यक्रम संचालन भईरहेको छ ।

लिफ कार्यक्रमले क्षेत्राधिकार (Jurisdictional approach) को अवधारणा अवलम्बन गरेको छ । यस अवधारणाले कुनै पनि राजनीतिक तथा प्रशासानिक सिमानाभित्रको सम्पूर्ण क्षेत्र समेट्छ । यस कार्यक्रमले परिणाममा आधारित भुक्तानी (Result-based payment) मार्फत सम्बन्धित क्षेत्राधिकारको निर्धारित उद्देश्य प्राप्तिका लागि आर्थिक स्रोत उपलब्ध गराउँछ । यसले अवैधरूपमा हुने वन विनाश रोक्न, कानून तथा नियमहरूको प्रभावकारी कार्यान्वयन गर्न, दिगो विकासलाई योगदान पुर्‍याउन र यस कार्यक्रमबाट प्रभावित हुन सक्ने वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गर्न योगदान गर्दछ ।

यो कार्यक्रम लागू हुने प्रदेशहरूको कुल वन क्षेत्रफल र विभिन्न वन व्यवस्थापन प्रणालीसम्बन्धी तथ्याङ्कहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।




> “यस कार्यक्रममा समुदायहरूलाई अधिकारवालाका रूपमा पहिचान गर्नुका साथै उनीहरूको अधिकारको सम्मान गरी प्रथाजनित अभ्यासको संरक्षण गर्दे सक्रिय सहभागिताका साथ अगाडि बढाइनेछ।”

### प्रदेश अनुसार राष्ट्रिय वन अन्तर्गत विभिन्न वन प्रणाली

| प्रदेश | क्षेत्रफल (हे.) | वनको क्षेत्रफल (हे.) (%) | राष्ट्रिय वन | | संरक्षित क्षेत्र अन्तर्गत व्यवस्थापन प्रणाली | | | निजी वन |
|---|---|---|---|---|---|---|---|---|
| | | | समुदायद्वारा व्यवस्थित | सरकारद्वारा व्यवस्थित | संरक्षित क्षेत्र | संरक्षण क्षेत्र | मध्यावर्ती क्षेत्र | |
| बागमती | २०,२८,४२८ | ११,५४,६८५ (५६.९३%) | ४३.१ % | ३८.४७ % | ११.९ % | ८.३ % | ६.४ % | ०.०३ % |
| गण्डकी | २१,९६,०६२ | ७,८७,८६५ (३५.८८%) | २९.९ % | ५१.४३ % | २.७ % | १५.५ % | ०.४ % | ०.०७ % |
| लुम्बिनी | १९,३०,४४५ | ९,९६,९४१ (५१.६४%) | ३४.६ % | ३९.२९ % | १४.४ % | ० % | ३.२ % | ०.०२ % |
| जम्मा (हे.) | ६१,५४,९३५ | २९,३९,४९२ (५१.६४%) | १०,६१,१५७ | १२,४८,१०८ | २,९६,८८९ | २,२६,३४१ | १,०५,८२२ | १,१७६ |
| प्रतिशत | | ४७.७६ % | ३६.१ % | ४२.४६ % | १०.१ % | ७.७ % | ३.६ % | ०.०४ % |

श्रोतः TREES Registration Document, 30 June, 2025

## ३) कानूनी व्यवस्था तथा नीतिगत प्रावधानहरू

नेपाल सरकारले चित्रमा देखाइएअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका कानून तथा नीतिगत प्रावधानलाई यस कार्यक्रममा अङ्गीकार गरेको छ।

**राष्ट्रिय कानून तथा नीतिहरु**

- नेपालको संविधान २०७२ धारा ५१ छ (१) (५), धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित संघको अधिकार सुची २७
- वन ऐन २०७६ को दफा ४४, वातावरण संरक्षण ऐनको दफा २५, वन नियमावली २०७९ को नियम १०७, ११५, ११६ र ११७, वातावरण संरक्षण नियमावली २०७७ को नियम २८ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ चौथो शंसोधन
- राष्ट्रिय वन निती २०७५, राष्ट्रिय वातावरण निती २०७६, राष्ट्रिय जलवायू परिवर्तन निती २०७६, वन क्षेत्र रणनिती २०१६–२५, राष्ट्रिय रेड प्लस रणनिती २०१८–२३, २०२५-३४, राष्ट्रिय बृहत जलाधार व्यवस्थापन निती २०८०, पूर्वसुचित तथा सहमती मार्गदर्शन २०८१

**अन्तर्राष्ट्रिय कानून तथा नीतिहरु**

- अन्तराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को महासन्धि संख्या १६९, आदिवासी जनजाति सम्बन्धी महासन्धि १९८९०, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७, जैविक विविधता महासन्धि १९९२, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२,
- पेरिस सम्झौता २०१५ र रेडप्लस सम्बन्धी क्यानकुन सम्झौता (२०१०)

## ४) कार्यक्रम कार्यान्वयनका मुख्य क्रियाकलापहरु

क्षेत्राधिकारभित्रका डिभिजन वन कार्यालय तथा संरक्षित क्षेत्र कार्यालयहरुले सालबसालीरुपमा कार्यान्वयन गर्दै आएका क्रियाकलापहरूलाई वर्तमान वन विनाशका कारक तत्वहरू समेत सम्बोधन हुने गरी निम्न मूख्य क्रियाकलापहरु प्रस्ताव गरिएका छन् :

| | | | | | |
|---|---|---|---|---|---|
| दिगो वन व्यवस्थापन | वन डढेलो व्यवस्थापन | प्राकृतिक पुनर्उत्पादन तथा पुनर्स्थापना | हरित विकास | वनमा आधारित परम्परागत तथा पेशागत उद्यम प्रवर्ध | मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| नीति, अनुसन्धान तथा संस्थागत सहयोग | मध्यवर्ती क्षेत्र सामुदायिक वन सहयोग | फिल्ड स्तरमा अनुगमन तथा आधार तह सम्बन्धी क्षमता अभिवृधि | अतिक्रमित क्षेत्रको पुनर्स्थापना | चरिचरण व्यवस्थापन |

## ५) लिफ कार्यक्रमबाट प्राप्त लाभको लगानी गर्न नहुने क्रियाकलापहरू

| | | | | | |
|---|---|---|---|---|---|
| सरपट कटान | विदेशी रुख प्रजाति | स्थानीय अनुकूल नभएका रुख प्रजातिहरू | कुनै पनि प्रकारको एकल प्रजातिको वृक्षारोपण | बाध्यात्मक रूपमा बसाइँसराइ गराउनुपर्ने गतिविधिहरू | रासायनिक विषादीको अत्याधिक प्रयोग गर्ने गतिविधिहरू |

| | | | |
|---|---|---|---|
| पर्यावरणीय वा सामाजिक रूपमा असर पार्ने क्रियाकलाप | वन क्षेत्रभित्र सडक निर्माण गर्ने गतिविधिहरू (अग्निरेखा निर्माणको लागि बाधा पर्ने छैन) | महत्वपूर्ण वासस्थान/जैविक विविधता, साँस्कृतिक रूपमा संवेदनशील स्थानहरूमा नकारात्मक असर पार्न सक्ने गतिविधिहरु | LEAF/TREES मापदण्ड अन्तर्गत गर्न नपाइने अन्य गतिविधिहरू |

## ६) कार्यक्रमबाट हुने सम्भावित लाभहरु

लिफ कार्यक्रम पूर्णरूपमा सञ्चालन भईसकेपछि कार्बनजन्य तथा गैरकार्बनजन्य लाभहरु प्राप्त हुने अपेक्षा गरिएको छ। जुन यसप्रकारका छन् :

### कार्बनजन्य लाभहरु

- कम्तीमा १० अमेरिकी डलर प्रति टन कार्बन समानन्तर (CO2e) क्रेडिट बिक्री भई नेपाललाई आम्दानी हुने।
- दिगो वन व्यवस्थापनमार्फत वनको गुणस्तर तथा सञ्चितिमा वृद्धि भई वायुमण्डलमा भएको कार्बन घटाउन योगदान पुग्ने ।
- अवैधरूपमा हुने वन विनाश तथा वन क्षयीकरण नियन्त्रण हुनुका साथै वन डढेलो रोकथामबाट कार्बन उत्सर्जन न्यूनीकरण हुने ।
- काष्ठजन्य पैदावारको बजार माग दिगोरूपमा आपूर्ति गर्न सकिने।


### गैह्-कार्बनजन्य लाभहरु

- **सामाजिक (सुशासनसमेत):** सरोकार तथा अधिकारवालाहरूको प्रभावकारी, अर्थपूर्ण तथा पूर्ण सहभागिता सुनिश्चित हुनेछ। यसका अलावा मानव अधिकारको सम्मानका साथै वन सुशासनमा सुधार हुनेछ।
- **वातावरणीय:** जैविक विविधताको संरक्षण, पुनर्स्थापना तथा पारिस्थितिकीय प्रणालीको स्वास्थ्य अवस्थामा सुधार तथा जलवायु उत्थानशीलता अभिवृद्धि हुने ।
- **आर्थिक:** वनमा आधारित उद्योगहरुको प्रवर्धन तथा  कृषि उत्पादकत्वमा वृद्धि भई प्रत्यक्ष रोजगारी वृद्धिका साथै राष्ट्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान पुग्ने।
- **सांस्कृतिक:** वनमा आश्रित आदिवासी जनजाति तथा स्थानीय समुदायको प्रथाजनित संस्था र अभ्यासहरुको संरक्षणका साथै उनीहरुको सांस्कृतिक पहिचान कायम हुने।
- **क्षमता अभिवृद्धि:** आदिवासी जनजाति तथा स्थानीय समुदाय र सरकारी वन कर्मचारीहरुको दिगो वन व्यवस्थापन, सुशासन, कार्बन मापन, परीक्षण तथा अनुगमन र मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि हुने।

## ७) लिफ कार्यक्रमबाट प्राप्त लाभांश वितरणको प्रस्तावित प्रावधान

लिफ कार्यक्रमका लागि प्रस्तावित लाभांश वितरण योजना (Benefit Sharing Plan - BSP) ले वन नियमावली २०७९ को नियम १०७ (९), ११५ (१) मा भएको वन कार्बन उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभांश वितरणसम्बन्धी व्यवस्थामा भएको प्रावधानहरूलाई मुख्य आधारका रूपमा लिएको छ। साथै रेड प्लसको वन कार्बन साझेदारी सुविधा (FCPF) कार्यक्रम अन्तर्गत तयार गरिएको लाभांश वितरण योजनालाई मुख्य स्रोतको रुपमा लिएको छ। यस अनुरुप कार्बन उत्सर्जन न्यूनीकरण गर्न प्रत्यक्ष योगदान गर्ने सरकारी वन निकाय, समुदायमा आधारित वन व्यवस्थापन समूह, निजी वन धनीहरु, वनमा आश्रित तर वन उपभोक्ता समूहमा आबद्ध नभएका आदिवासी जनजाति तथा स्थानीय समुदायलाई लाभार्थीका रुपमा पहिचान गरि समन्यायिकरुपमा वितरण गरिने छ।

लिफ कार्यक्रमअन्तर्गत कार्बन क्रेडिट कारोबारबाट प्राप्त हुने आर्थिक लाभको रकम सोझै नेपाल सरकारको सर्वसंचिती कोषमा  जम्मा हुनेछ। उक्त  प्राप्त रकमको बढीमा २० प्रतिशत नेपाल सरकार अर्थ मन्त्रालयले राखी बाँकी कम्तीमा ८० प्रतिशत रकम वन विकास कोषमा पठाउने व्यवस्था गरेको छ।  वन विकास कोषमा प्राप्त रकमलाई १०० प्रतिशत मानी त्यसको १० प्रतिशत रकम सञ्चालन खर्च, ५ प्रतिशत रकम समूहमा आबद्धता नरहेका वनमा आश्रित घरधुरीका लागि, ५ प्रतिशत रकम निजी वन धनीहरूका लागि र बाँकी ८० प्रतिशत रकम विभिन्न वन व्यवस्थापन समूहहरू र सरकारद्वारा व्यवस्थित वनका लागि वितरण गरिनेछ।



## ८) राष्ट्रिय रेड प्लस रणनीति (२०२५-२०३४)

नेपालले पहिलो राष्ट्रिय रेडप्लस रणनीति (२०१८-२०२२) कार्यान्वयन गरी प्राप्त अनुभव र सिकाइको आधारमा दोस्रो राष्ट्रिय रेडप्लस रणनीति (२०२५-२०३४) तयार गरेको छ। यस रणनीति १६ जुलाई २०२५ मा स्वीकृत भई लागू गरिएको हो। यस नयाँ रणनीतिमा वन विनाश र वन क्षयीकरणका कारक तत्वहरु सम्बोधन गर्न १० वटा रणनीतिहरू, ६८ वटा क्रियाकलापहरू, कार्यान्वयन ढाँचा र रेडप्लसको संस्थागत संयन्त्र समावेश गरिएको छ। यस रणनीतिको आधारमा रेडप्लसमा आधारित विभिन्न उत्सर्जन न्यूनीकरण कार्यक्रमहरू हाल सञ्चालनमा रहेका छन् र भविष्यमा थप कार्यक्रमहरू संचालन हुनेछन।

## ९) लिफ कार्यक्रमका लागि स्वतन्त्र, पूर्वसुसूचित सहमति (एफपिक)

कार्यक्रमबाट प्रभावित हुन सक्ने आदिवासी जनजाति तथा स्थानीय समुदाय (IPLCs) लाई उनीहरूले बुझ्ने सरल र उपयुक्त भाषामा अग्रिम रूपमा पूर्ण जानकारी उपलब्ध गराई, कुनै पनि डर, त्रास, धम्की, दबाब वा प्रलोभनबिना, स्थानीय स्तरमै परामर्श तथा छलफलमार्फत स्वतन्त्र रूपमा कार्यक्रम कार्यान्वयनका लागि मञ्जुरी लिने प्रक्रियालाई स्वतन्त्र, पूर्वसूचित सहमति (Free, Prior and Informed Consent – FPIC) भनिन्छ।

वन नियमावली, २०७९ को नियम १०७(६) तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम २८ ले FPIC सम्बन्धी स्पष्ट प्रावधानहरू व्यवस्था गरेका छन्। साथै, विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा मापदण्डहरूले आदिवासी जनजाति तथा स्थानीय समुदायको मानव अधिकारको संरक्षण, सूचनामा पहुँच, अर्थपूर्ण सहभागिता, तथा उनीहरूको प्रथाजनित संस्था र अभ्यासहरूको संरक्षण सुनिश्चित गर्न सम्बन्धित राष्ट्रहरूलाई कानूनी तथा नीतिगत रूपमा प्रेरित गरेका छन्।

यिनै कानूनी तथा नीतिगत प्रावधानहरूलाई अवलम्बन गर्दै आर्थिक वर्ष २०२४/०२५ मा रेड कार्यान्वयन केन्द्रको संयोजनमा, UN-REDD को आर्थिक तथा प्राविधिक सहयोग तथा रिकफ्ट नेपालको सहजीकरणमा, आदिवासी जनजाति, स्थानीय समुदाय तथा अन्य सरोकारवालाहरूलाई विभिन्न सञ्चार माध्यममार्फत पूर्वजानकारी प्रदान गरी स्थानीय स्तरमा परामर्श सञ्चालन गर्दै लिफ कार्यक्रमका लागि FPIC प्रक्रिया सफलतापूर्वक सम्पन्न गरिएको छ। यस प्रक्रियाअन्तर्गत १ वटा राष्ट्रिय प्रारम्भिक कार्यशाला, ३ वटा तालिम तथा सिकाइ कार्यशाला गोष्ठी, ९ वटा लक्षित समूह छलफल, तथा ३६ वटा जिल्ला–स्तरीय FPIC कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रमहरूमा जम्मा १,५१९ जना सहभागी (८६१ जना पुरुष र ६५८ जना महिला) को सहभागिता रहेको थियो। सहभागीहरूमध्ये ६०७ जना आदिवासी जनजाति तथा ८०२ जना स्थानीय समुदायका प्रतिनिधि तथा अन्य सरोकारवाला रहेका थिए।

## १०) रेडप्लसमा सुरक्षा सूचना प्रणाली

रेडप्लस तथा उत्सर्जन न्यूनीकरण कार्यक्रममा क्यानकुन सुरक्षा मापदण्डको पूर्ण पालना सुनिश्चित गर्न सबै देशहरूले सुरक्षा सूचना प्रणाली (Safeguards Information System – SIS) स्थापना गर्नुपर्दछ। यस प्रणालीमार्फत प्राप्त जानकारीको आधारमा क्यानकुन सुरक्षा मापदण्डको सम्बोधन र सम्मान गरिएको विवरण समेटिएको "सारांश जानकारी" (Summary of Information – SOI) तयार गरी UNFCCC समक्ष पेश गर्नु पर्दछ। नेपालले पनि SIS स्थापना गरिसकेको छ र पहिलो पटक २०२५ मा UNFCCC समक्ष सारांश जानकारी (SOI) पेश गरेको छ।

क्यानकून सुरक्षा मापदण्डको सम्बोधन र सम्मान गर्नु सरकारको दायित्व हो। यदि यी मापदण्डको पालना भएको छैन भने त्यसबाट प्रभावित वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदायले सरकारी निकाय वा रेडप्लसको परिणाममा आधारित भुक्तानी प्रदान गर्ने बहुपक्षीय संयन्त्रहरू (जस्तै UNFCCC, GCF, FCPF, LEAF Coalition आदि) समक्ष गुनासो दर्ता गर्न सक्ने व्यवस्था रहेको छ। यसरी दर्ता गरिएका गुनासोहरूको समाधान गर्नु सुरक्षा मापदण्डको एक अभिन्न अङ्ग हो।

## नेपाल लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका बारेमा थप जानकारीका लागि

रेड कार्यान्वयन केन्द्र,
बबरमहल, काठमाडौँ, नेपाल
फोन नं. : ०१-५३३९१२६
ईमेलः info@redd.gov.np,
www.redd.gov.np

UN-REDD PROGRAMME · RECOFTC · FECOFUN · NEFIN